# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
## तेईसौं बैठक

आज मिति २०७५।०४।२१ गते सोमवार बिहान ११:३० बजे यस जीतपुर्रासमरा उपमहानगरपालिका नगरकार्यपालिकाको तेईसौं बैठक नगरप्रमुख श्री डा. कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तर्पासिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

<u>उपस्थिति</u>

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुर्रासमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडा,दध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहित चौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसाद सिंह थारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदारनाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, कार्यपालिका सदस्य

श्री रामदुलारी चौधरी, कार्यपालिका सदस्य

श्री सुन्दर बहादुर सुनार, कार्यपालिका सदस्य

श्री श्याम सुन्दर पासवान, कार्यपालिका सदस्य

श्री राजकुमार महरा, कार्यपालिका सदस्य

श्री अनिता देवी चौधरी, कार्यपालिका सदस्य

श्री सुभद्रा न्यौपाने, कार्यपालिका सदस्य

श्री कमल चौधरी, कार्यपालिका सदस्य

श्री शिव कुमार कार्की – सचिव

अन्य उपस्थिती

श्री नवराज शर्मा, सि.डि.ई.

श्री नागेन्द्र प्र.चौधरी,शाखा अधिकृत

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री वीरेन्द्र वाईबा,ना.सु.

प्रस्तावहरु :

१. रिपोर्टिङ्ग तथा कार्य प्रगती विवरण सम्बन्धमा ।

२. आ. व. २०७४/०७५ को बजेट तथा कार्यक्रमको प्रारम्भिक समीक्षा सम्बन्धमा ।

३. स्थानीय राजश्व परामर्श समितिको बैठकको सिफारीस सम्वन्धमा ।

४. आ. व. २०७५/०७६ को बार्षिक खरिद योजना सम्वन्धमा ।

५. विविध ।

**निर्णय नं. (१): प्रस्ताव नं. १ मा छलफल गर्दा**

(क) जीतपुरसिमरा उपमहानगरपालिका वार्ड नं ७ निवासी श्री ललन साह गुप्ताको छोरा वर्ष ९ को अंकित कुमार साह गुप्ताको अपहरण पश्चात भएको हत्याको घोर भर्त्सना गर्दै मृतात्माको चीर शान्तीको कामना तथा शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो । साथै दोषी उपर कडा भन्दा कडा कार्वाही गर्न र फिरौतीको रकम फिर्ता दिलाइ दिने व्यवस्थाका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

(ख) नगरप्रमुख डा. श्री कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री शिव कुमार कार्कीबाट उपमहानगरका समग्र गतिबिधी, प्रशासनीक काम कारवाही तथा योजना सञ्चालन सम्बन्धमा हालसम्म भएका प्रगति विवरण प्रस्तुत भयो ।

**निर्णय नं.(२) :** प्रस्ताव नं. २ मा छलफल गर्दा आ. व. २०७४/०७५ को बजेट तथा कार्यक्रमको प्रारम्भिक समीक्षा गरियो । सो सम्बन्धमा नगरप्रमुख डा. श्री कृष्ण प्र. पौडेल, प्रमुख प्रशासकीय अधिकृत शिव कुमार कार्की र लेखा अधिकृत विस्मिल्लाह अन्सारीबाट वार्षिक प्रगति, आय व्यय तथा कार्यक्रमहरुको विवरण प्रस्तुत भयो ।

**निर्णय नं. (३): प्रस्ताव नं. ३ मा छलफल गर्दा**

(क) स्थानीय राजश्व परामर्श समितिको मिति २०७५ असार ८ गतेको बैठकको निर्णयले जडिबुटी तथा जीवजन्तु करको ठेक्का लगाउन कायम गरेको न्यूनतम अंक रु ३५ लाखलाई आधार मानी ठेक्का प्रकृया अगाडी बढाइएकोमा उक्त अंक उठ्न सक्ने राजश्व भन्दा कम भएकोले कार्यपालिकाले आफ्नो अधिकार प्रयोग गरी उक्त ठेक्का प्रकृया खारेज गर्ने र न्यूनतम अंक रु ७१ लाख कायम गरी पुनः टेण्डर प्रकृया अगाडि बढाउन १५ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

(ख) नदीजन्य प्राकृतिक श्रोत (ढुंगा, गिट्टी, स्लेट, बालुवा, खरिढुंगा, अभ्रख र दहत्तर बहत्तर) को ठेक्का सम्वन्धमा ठेक्काको न्यूनतम अंक रु ४ करोड १ हजार कायम गरी ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

(ग) कवाडी कर ठेक्काको आवश्यक तयारी पुरा गरी ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. (४):** प्रस्ताव नं. ४ मा छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृत श्री शिव कुमार कार्कीबाट आ. व. २०७५/०७६ को बार्षिक खरिद योजना प्रस्तुत भयो ।

निर्णय नं. ५ (विविध): प्रस्ताव नं. ५ मा छलफल गर्दा

(क) नगरपालिकाको विकास निर्माण तथा पूर्वाधार निर्माणका लागि देहाए वमोजिमका आवश्यक साधनहरु (हेभीइक्यूपमेण्ट समेत) खरिद गर्ने निर्णय गरियो ।

(क) जे. सी. वी. थान १ (एक)

(ख) पिकअप भ्यान थान १ (एक)

(ग) मोटर साईकल थान ३२ (बत्तिस)

(ख) नगरपालिका भित्रको फोहोरमैला व्यवस्थापनका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र (AEPC) संग सम्झौता (MOU) गर्न नगरपालिकालाई अधिकार दिने गर्ने निर्णय गरियो ।

(ग) यस जीतपुरसिमरा उपमहानगरपालिकामा कार्यरत देहाए बमोजिमका करार सेवाका कर्मचारीहरुको करार म्याद २०७५ आषाढ मसान्तमा समाप्त भएकोमा निजहरुको कार्य सम्पादन सन्तोषजनक रहेको र उपमहानगरपालिकाको आवश्यक्ता समेतलाई बिचार गरि २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्त सम्मलाई निरन्तरता दिने निर्णय गरियो ।

| क्र.सं. | नाम, थर | पद/तह | कार्यरत स्थान |
|---|---|---|---|
| १ | सन्जय महतो | ना.सु | उ.म.न.पा. कार्यालय |
| २ | अनिल मिश्र | ना.सु. | उ.म.न.पा. कार्यालय |
| ३ | नेजामुल हक अन्सारी | क.अपरेटर (पाँचौ) | उ.म.न.पा. कार्यालय |
| ४ | नवराज ढुङ्गेल | खरिदार(चौथो) | उ.म.न.पा. कार्यालय |
| ५ | नरेन्द्र कुमार चौधरी | खरिदार(चौथो) | उ.म.न.पा. कार्यालय |
| ६ | रन्जित कुमार कुम्हाल | अमिंन (चौथो) | उ.म.न.पा. कार्यालय |
| ७ | नरेश प्रसाद कुश्वाहा | अमिन (चौथो) | उ.म.न.पा. कार्यालय |
| ८ | मनोज कुमार साह | अमिन (चौथो) | उ.म.न.पा. कार्यालय |
| ९ | अनिल बि.क. | कम्पुटर अपरेटर | वडा नं.२ |
| १० | रबिन्द्र राम | स.ले.पा.(चौथो) | वडा नं. १९,२० |
| ११ | सुरज महतो | सहायक लोडर चालक | उ.म.न.पा. कार्यालय |
| १२ | जित बहादुर आले | ट्रेक्टर चालक | उ.म.न.पा. कार्यालय |
| १३ | सन्तु लाल चौधरी | " | उ.म.न.पा. कार्यालय |
| १४ | दिनदयाल ठाकुर | " | उ.म.न.पा. कार्यालय |
| १५ | जयशंकर राउत अहिर | कार्यालय सहयोगी | वडा नं. ६ |
| १६ | विष्णु प्रसाद अधिकारी | कार्यालय सहयोगी | वडा नं. १५ |
| १७ | सोनिका बानिया | कायालय सहयोगी | वडा नं. २१ |
| १८ | फुलमाया रुम्बा | कार्यालय सहयोगी | वडा नं. २२ |
| १९ | सन्त बहादुर वाईवा | कार्यालय सहयोगी | वडा नं. १८ |
| २० | मनोज यादव | कार्यालय सहयोगी | वडा नं. १९ |

(घ) यस जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गतका बर्थिङ्ग सेन्टरमा कार्यरत देहायका स्वास्थ्य कर्मीहरुको हाल १ चौमासिक तलब निकासा भएको हुदा मिति २०७५।४।०१ देखि २०७५ कार्तिक मसान्त सम्म करार म्याद थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम, थर | पद/तह | कार्यरत स्थान |
|---|---|---|---|
| १ | रमिता परियार | अ.न.मी. | प्रा.स्वा.के.सिमरा |
| २ | प्रमिला कुमारी घिसिङ्ग | अ.न.मी. | जीतपुर स्वास्थ्य चौकी |
| ३ | प्रमिला कुमारी दास | अ.न.मी. | डुमरवाना स्वास्थ्य चौकी |

(ङ) यस जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्यचौकीहरुमा कार्यरत देहायका कार्यालय सहयोगीहरुलाई मिति२०७५।४।०१ देखि २०७५ पौष मसान्तसम्म (६ महिनाको करार) म्याद थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम, थर | पद/तह | कार्यरत स्थान |
|---|---|---|---|
| १ | कन्हाईलाल राम | कार्यालय सहयोगी | ईनरवासिरा स्वास्थ्य चौकी |
| २ | राधेश्याम महतो | कार्यालय सहयोगी | स्वास्थ्य शाखा जीतपुर |
| ३ | राजकुमारी चौधरी | कार्यालय सहयोगी | जीतपुर स्वास्थ्य चौकी |
| ४ | सिता पाण्डे | कार्यालय सहयोगी | मनहर्वा स्वास्थ्य चौकी |
| ५ | लालपरी देवी यादव | कार्यालय सहयोगी | प्रष्टोका स्वास्थ्य चौकी |
| ६ | संजिता लामिछाने | कार्यालय सहयोगी | डुमरवाना स्वास्थ्य चौकी |
| ७ | सारधा कुमारी चौधरी | कार्यालय सहयोगी | छातापिपरा स्वास्थ्य चौकी |
| ८ | दिनेश खाँ थारु | कार्यालय सहयोगी | फत्तेपुर स्वास्थ्य चौकी |
| ९ | सारिका मिश्र | कार्यालय सहयोगी | अमलेखगंज स्वास्थ्य चौकी |
| १० | सावित्री देवी घिमिरे | कार्यालय सहयोगी | प्रा.स्वा.केन्द्र सिमरा |

(च) यस उपमहानगरपालिकाको कृषि तथा पशु शाखा अन्तर्गत संचालित एक गाँउ एक प्राविधिक कार्यक्रममा कार्यरत देहायका नायब पशु सेवा प्राविधिक(ना.प.से.प्रा.) र नायब प्राविधिक सहायकहरुको सेवा करार म्याद २०७५ आषाढ मसान्तमा समाप्त भएको हुँदा निजहरुको कार्यक्षमता सन्तोषजनक देखिएकोले २०७६ आषाढ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | धिरज पौडेल | ना.प्रा.स. | कृषि शाखा |
| २ | रिङ्कु चौधरी | ना.प्रा.स. | कृषि शाखा |
| ३ | पुजा बास्तोला | ना.प.से.प्रा. | पशु शाखा |
| ४ | मेनका खनाल | ना.प.से.प्रा. | पशु शाखा |
| ५ | श्यामबाबु राय थारु | ना.प.से.प्रा. | पशु शाखा |

(छ) जिल्ला समन्वय समितिको कार्यालय बाराको च.नं.२२८ मिति २०७४।०४।३१ गतेको पत्रबाट काजमा खटिई यस उपमहानगरपालिकामा कार्यरत ना.सु.बीरेन्द्र बहादुर वाईबा र लेखापाल घनश्याम चौधरीलाई साबिकमा खाईपाई आएको सेवा सुबिधालाई यथावत कायम रहने गरी साथै समयानुकुल हुने परिमार्जित सेवा सुबिधालाई सोही बमोजिम नै हुने गरी २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्तसम्म करार सेवा म्याद थप गरी कार्यरत कार्यालयबाट नै सेवा सुबिधा उपलब्ध गराउने निर्णय गरियो ।

(ज) यस जीतपुरसिमरा उपमहानगरपालिकामा सुचना प्रविधि अधिकृतमा कार्यरत बिदुर प्रसाद भुर्तेलको सेवा करार म्याद २०७५ आषाढ मसान्त सम्म रहेकोमा २०७५ पौष मसान्त (६ महिना) सम्मका लागि थप गर्ने निर्णय गरियो ।

(झ) यस उपमहानगरपालिकामा सेवा परामर्शको रुपमा कार्यरत ईन्जिनियरद्वय संजिव रुपाखेती र ललित किशोर ललितको करार म्याद २०७५ आषाढ मसान्तमा समाप्त भएको हुँदा पुन:२०७६ आषाढ मसान्त सम्मका लागि सेवा परामर्श म्याद थप गर्ने निर्णय गरियो ।

(ञ) बर्षात र बाढीका कारण बाटो बिग्रिएकोलाई मर्मत गरी सुचारु गर्न नगरपालिकाको जे. सी. बी., ट्रिपर परिचालन गरी मर्मत सम्भार गरी सुचारु गर्ने निर्णय गरियो ।साथै मांग र आवश्यक्ता अनुसार १ थान एक्साभेटर र ट्रिपरहरु भाडामा लिई वडामा समन्वय गरी परिचालन गर्ने निर्णय गरियो ।

(ट) भारतिय राजदूतावासको सहयोगमा साना विकास परियोजना सञ्चालनका लागि जिसिउमनपा वडा नं ७ को गुदरी बजारमा अत्याधुनिक कम्पलेक्स निर्माण गर्न प्रस्ताव पठाउने निर्णय गरियो ।

(ठ) जिल्ला समन्वय समितिबाट स्टक प्रमाणित गरी घाट गद्दी निकासी करको लागि पत्राचार भए बमोजिम दुधौरा नदी नजिक रहेको स्टक ग्राभेल नगरपालिकाको कर्मचारी खटाई प्रति सिएफटी रु.३ (तिन रुपैया) राजस्व संकलन गर्ने निर्णय गरियो ।

(ड) प्रत्येक वडामा २ वटाको दरले १० प्रतिशत लागतसभागितामा सडक सौर्यउर्जा बत्ती जडानगर्ने निर्णय गरियो ।

(ढ) जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १६ टाँगिया वस्तीमा बन्न लागेको राष्ट्रिय गौरवको आयोजना दोश्रो अन्तराष्ट्रिय विमान स्थललाई सहजीकरण गर्न सो वस्तीमा बसोबास गर्ने १४७६ घरधुरीलाई स्थानान्तरण गर्न तपसिलमा उल्लेखित प्रति-ऐलानी तथा नदी कट्टा जमिनमा नेपाल सरकारको नियमानुसार बस्ती स्थानान्तरण गर्न ठाउँ छनौट गरि सहज वातावरण बनाई नेपाल सरकार (संघिय सरकार) संग अनुरोध गर्ने भनि नगरकार्यपालिका बोर्डबाट सर्व सम्मतले निर्णय गरियो ।

<u>तपसिल:</u>

१. जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १६ को स्तरहिन नदीकट्टा तथा झाडी भएको भु-भाग अतिक्रमण हुन सक्ने भु-भाग ।

| | |
|---|---|
| पुर्वमा:- | पसाह नदी |
| पश्चिममा:- | पिलुवा, डकाहा, पैनिटोल |
| उत्तरमा:- | पिलुवाबाट महेन्द्रराजमार्ग जाने बाटो |

दक्षिणमाः-	वडा नं. १८ को सिमाना लामिडाँडा-कुसमाडी

२. जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.१६ को

पुर्वमाः-	महेन्द्रनगर, सखुवाघाट

पश्चिममाः-	बालगगा नदी

उत्तरमाः-	महेन्द्र राजमार्ग दक्षिण

दक्षिणमाः-	जीतपुरसिमरा-१६ को कतर्वा

३. कोल्हवी न.पा.अन्तर्गतको तपसिलमा उल्लेखित चार किल्ला भित्र

पुर्वमाः-	तामागढी कोल्हवी सडक सिमाना

पश्चिममः-	सखुवा, ककडी नयाँ बस्ती सिमाना

उत्तरमाः-	दोश्रो अन्तराष्ट्रिय विमान स्थल सिमाना

दक्षिणमाः-	कोहल्वी न.पा. को सपही उत्तर सिमाना यति चारकिल्ला भित्रको जडीबुटी प्रशोधन केन्द्रको जमिन

(ण) जनजाती महासंघ बाराबांट अन्तराष्ट्रिय जनजाती दिवस कार्यक्रम संचालन गर्न सहयोग रकम माग भई आएको हुँदा रु.५१ हजार उपलब्ध गराउने निर्णय गरियो ।